स्थानीय राजपत्र
मध्यपुर थिमि नगरपालिकाबाट प्रकाशित
बर्ष ७ मध्यपुर थिमि भक्तपुर कार्तिक ३ ,२०८०

भाग २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम मध्यपुर थिमि नगरपालिकाको नगरकार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।
संवत् २०८० सालको कार्यविधि नं.

**मध्यपुर थिमि नगरपालिकाको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन /संचालन कार्यविधि-२०८०**

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०७/०३

**मध्यपुर थिमि नगरपालिकाको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति गठन /संचालन कार्यविधि-२०८०**

प्रस्तावनाः

स्वास्थ्य बीमा नियमावली, २०७५ को दफा २६ मा प्रत्येक स्थानीय तहमा स्वास्थ्य बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न सहजीकरण गर्ने लगायतका कार्य गर्नको लागि स्थानीय सरकारले तोके बमोजिमको एक स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति रहनेछ भन्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याउन वाञ्छनीय भएकोले मध्यपुर थिमि नगरकार्यपालिकाको मिति २०८०/०७/०३ गतेको बैठकबाट देहायको स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति संचालन कार्यविधि, २०८० स्वीकृत गरी लागु गरेको छ ।

परिच्छेद- १
प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "मध्यपुर थिमि नगरपालिकाको स्थानीय बीमा संयोजन समिति संचालन कार्यविधि, २०८० " रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-,
(क) "ऐन" भन्नाले स्वास्थ्य बीमा बोर्ड ऐन, २०७४ सम्झनु पर्छ ।
(ख) "कार्यक्रम" भन्नाले नियम २ को खण्ड (ख) बमोजिमको कार्यक्रम सम्झनुपर्छ ।
(ग) "नियमावली" भन्नाले स्वास्थ्य बीमा बोर्ड नियमावली, २०७५ सम्झनु पर्छ ।
(घ) "नगरपालिका"भन्नाले मध्यपुर थिमि नगरपालिकालाई जनाउनेछ ।
(ङ) "बोर्ड" भन्नाले स्वास्थ्य बीमा बोर्डसम्झनु पर्छ ।
(च) संयोजन समिति भन्नाले नियम २६ बमोजिम स्थानीय तहले गठन गरेको स्वास्थ्य बीमा संयोजन समिति सम्झनु पर्छ ।

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

परिच्छेद २

## समितिको गठन

३.संयोजन समिति गठनः (१) नियम २६ बमोजिम पालिकामा स्वास्थ्य बीमा कार्यक्रमलाई संयोजन गर्न देहाय बमिजिमको मध्यपुर थिमि नगरपालिकाको पालिका स्तरिय स्थानीय तह स्वास्थ्य बीमा संयोजन समिति समिति रहने छ ।

(क) नगरप्रमुख मध्यपुर थिमि नगरपालिका - संयोजक

(ख) नगरउपप्रमुख मध्यपुर थिमि नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकिय अधिकृत मध्यपुर थिमि नगरपालिका - सदस्य

(घ) नगरप्रमुखले मनोनित गरेको बढी जनसंख्या भएका कुनै एकवडाका वडाअध्यक्ष र सेवा प्रदायक

(ङ) स्वास्थ्य संस्था रहेको वडाको वडा अध्यक्ष १ जना गरी २ जना - सदस्य

(च) नगरप्रमुखलेमनोनित गरेको प्रतिनिधि, सेवा प्रदायक स्वास्थ्य संस्था प्रमुख - सदस्य

(छ) नगरप्रमुखले मनोनित गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वंयसेविका सहित दुई जना -सदस्य

(ज) सामाजिक विकास महाशाखा प्रमुख -सदस्य

(झ) महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख -सदस्य

(ञ) स्वास्थ्य बीमा दर्ता अधिकारी मध्येबाट नगर प्रमुखले तोकेको एक जना महिला सहित दुई जना - सदस्य

(ट) जनस्वास्थ्य शाखा प्रमुख -सदस्य सचिव

(२) संयोजन समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ।

(३) सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।

(४) संयोजकले तोकेको समय र स्थानमा बैठक बस्नेछ ।

(५) बैठकमा कुनै खास बिषय विज्ञ वा पदाधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(६) सदस्यहरुलाई बैठक बस्ने जानकारी र बैठकमा पेश हुनेकार्यसुचि सामान्यतया तिन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौविस घण्टा अघि जानकारी दिई बैठक बस्न वाधा पर्ने छैन ।

(७) बैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले बैठकको निर्णय प्रमाणित गर्नेछन् ।

(८) बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको बैठक भत्ता पाउनेछन् ।

(९) सचिवालयको काम नगरपालिकाको जनस्वास्थ्य शाखाले गर्नेछ ।

४.काम, कर्तव्य र अधिकारः संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाको क्षेत्र भित्र कार्यक्रम विस्तार गर्न प्रवर्धनात्मक कार्यमा सहयोग गर्ने,

(ख) नगरपालिका अन्तर्गतका एकल महिला भएको परिवार, अपाङ्गता भएको परिवार, दलित परिवार, दर्ता सहयोगी, जनप्रतिनिधि लगायतसरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी कार्यक्रममा आव्द्ध गर्ने,

(ग) अति गरिव परिवारलाई कार्यक्रममा आवद्ध गर्न पालिका र बोर्ड बीच समझदारी गर्ने,

(घ) नसर्ने रोगको लागि कार्यक्रमले दिई आएको सुबिधा उपल्ब्ध गराउन वा बृद्धी गर्न बोर्ड सँग साझेदारी गर्ने,

(ङ) कार्यक्रमगत रुपमा बोर्डलाई ससर्त अनुदान उपलब्ध गराउन सक्ने,

स्थानीय सरकार मध्यपुर थिमि नगरपालिका २०७३

विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

(च) पालिका अन्तर्गत रहेका स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवाको गुणस्तर बृद्धी गर्ने गराउने,

(छ) बीमाबाट प्रदान गरिने औषधिहरु पालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरूद्वारा संचालित फार्मेसीमा उपलब्ध हुने व्यवस्थामा सहयोग गर्ने गराउने,

(ज) स्वास्थ्य संस्थाहरुमा चिकित्सकको उपलव्धता हुने व्यवस्था गर्ने गराउने,

(झ) स्वास्थ्य संस्थाहरुमा उपकरण, प्रयोगशालाको सेवामा निरन्तता, स्तरोउन्नति र पुर्वाधार अभिवृद्दीमा सहयोग गर्ने,

(ञ) कार्यक्रम प्रवर्धनका सन्दर्भमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश र बोर्डसँग समन्वय गर्ने,

(ट) संयोजन समितिले आवश्यक देखेका बीमा कार्यक्रमसँग सम्बन्धित अन्य बिषयहरूमा समन्वय र सहजीकरण गर्ने।

(ठ) स्वास्थ्य बिमा कार्यक्रमको अभिवृद्धि गर्न नगरपालिका स्तरीय सम्पूर्ण शैक्षिक कार्यक्रमहरुमा स्वास्थ्य बिमा कार्यक्रमको महत्व बारेमा कार्यक्रम संचालन गर्ने गराउने ।

(ड) स्वास्थ्य बिमा कार्यक्रमलाई नगरपालिका क्षेत्र भित्र प्रभावकारी बनाउन प्रत्येक वडा तहमा वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु वडा सचिब स्वास्थ्य संस्था प्रमुख वडामा कार्यरत स्वास्थ्य बिमा कार्यक्रमको दर्ता सहयोगी तथा वडा भित्रको महिला स्वास्थ्य स्वयं सेविका समेत रहेको वडा बिमा संयोजन समिति गठन गर्ने ।

५.बजेटःस्वास्थ्य बीमा संयोजन समितिको सचिवालय संचालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकाले गर्ने सक्नेछ।

परिच्छेद ३

विविध

६.कार्यक्रम सञ्चालन गर्न सक्नेःनगरपालिकाले अन्तर्गतका एकल महिला भएको परिवार, अपाङ्गता भएको परिवार, दलित परिवार, दर्ता सहयोगी, जनप्रतिनिधि लगायतसरकारी, सार्वजनिक संस्थाहरुको कर्मचारी र परिवारलाई स्वास्थ्य बीमाको दायरामा ल्याउन नियमावलीले तोके बमोजिम प्रिमियमको व्यवस्था गरी-कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

७.कार्यविधिमा संशोधनःनगरकार्यपालिकाले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ ।

८.बाधा अड्काउ फुकाउने अधिकारः यो कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अडचन पर्न आएमा पालिकाले निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

९.प्रचलित कानुन बमोजिम हुनेः यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम हुनेछ ।
यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानुनसँग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

प्रमाणीकरण मिति २०८०।०७।०३

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
२०७३

आज्ञाले
विजयराज सुवेदी
प्रमुख प्रशासकीय अधिकृत